# स्थिति सूचक

नेपाल मानव अधिकार वर्ष पुस्तकको
त्रैमासिक प्रकाशन

वर्ष १५, अङ्क १
(२०८२ पुस १७ गतेदेखि २०८२ चैत १७ गतेसम्म)


## गण्डकी प्रदेशको

# मानव अधिकार अवस्था विश्लेषण

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले गण्डकी प्रदेशका विभिन्न जिल्लामा रहेका आफ्ना प्रतिनिधि, स्रोत व्यक्तिहरू तथा सार्वजनिक सञ्चार माध्यमहरूबाट प्राप्त सूचनाको पुनर्पुष्टि गरी मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको अभिलेखीकरण गर्दै आएको छ। सन् २०२६ को जनवरीदेखि मार्चसम्मको अवधिमा गण्डकी प्रदेशमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका जम्मा ५६ वटा घटना अभिलेख भएका छन्। यस अवधिमा अभिलेख भएका अधिकांश घटनाहरू अन्यपक्षबाट भएका मानव अधिकार ज्यादतीका घटनाहरू हुन् भने राज्यपक्षबाट प्रत्यक्ष मानव अधिकार उल्लङ्घनका घटना अभिलेख भएका छैनन।

जिल्लागत रूपमा हेर्दा कास्कीमा सबैभन्दा बढी १६ वटा घटना अभिलेख भए भने तनहुँमा ११, नवलपरासी पूर्वमा सात, लमजुङ र स्याग्दीमा पाँच र पाँच, गोरखा र स्याङ्जामा चार र चार, बाग्लुङमा दुई तथा मुस्ताङ र पर्वतमा एक र एक वटा घटना अभिलेख भएका छन्।

नागरिक तथा राजनीतिक अधिकारअन्तर्गत सम्मानपूर्वक बाँच्न पाउने अधिकारसँग सम्बन्धित हत्या घटनाहरू प्रदेशका विभिन्न जिल्लामा अभिलेख भए। गोरखाको पालुङटार नगरपालिका-३ बोगटीगाउँकी २१ वर्षीया अनुष्का परियारको घरायसी विवादका क्रममा कुटपिटबाट मृत्यु भएको घटनामा उनका पति गिरफ्तारीमा परेका छन्। त्यसैगरी स्याङ्जामा बाबुको हत्या गरेको आरोपमा छोराविरुद्ध मुद्दा दर्ता भएको घटना समेत अभिलेख भएको छ।

यस अवधिमा बाल अधिकार उल्लङ्घका २७ वटा घटना अभिलेख भएका छन्। अधिकांश घटनाहरू बलात्कार, बलात्कार प्रयास तथा बाल यौन दुर्व्यवहारसँग सम्बन्धित छन्। गोरखामा १२ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा ७० वर्षीय पुरुषलाई गिरफ्तार गरिएको छ। त्यस्तै कास्कीमा १४ वर्षीया बालिकालाई दाजु नाता पर्ने व्यक्तिले बलात्कार गरेको आरोपमा मुद्दा दर्ता भयो।

यसै अवधिमा महिला अधिकार उल्लङ्घनका २१ वटा घटना अभिलेख भएका छन्। अधिकांश घटना बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार, घरेलु हिंसा तथा मानव बेचबिखनसँग सम्बन्धित छन्। त्यसैगरी घरेलु विवादका क्रममा महिलामाथि कुटपिट तथा गम्भीर शारीरिक आक्रमण भएका घटनाहरूले महिलाको घरभित्रको सुरक्षा अझै सुनिश्चित हुन नसकेको देखाएको छ।

यस अवधिमा कास्की जिल्लामा जातीय विभेदको एक घटना अभिलेख भएको छ। सार्वजनिक कार्यक्रममा दलित समुदायका व्यक्तिलाई अन्य सहभागीसरह व्यवहार नगरी छुट्टै व्यवस्था गरिएको भन्दै उजुरी दर्ता भएको उक्त घटनाले संविधान र कानुनले निषेध गरेको जातीय विभेद समाजमा अझै विद्यमान रहेको देखाउछ।

गण्डकी प्रदेशमा महिला तथा बालबालिकामाथि हुने यौनजन्य हिंसा मानव अधिकारको गम्भीर चुनौतीका रूपमा देखिएको छ। अधिकांश पीडित महिला तथा बालिका र आरोपित प्राय: चिनजानका वा आफन्त व्यक्ति भएकाले बाल संरक्षण, लैङ्गिक समानता, सचेतना र कानुनी उत्तरदायित्व अभिवृद्धि आवश्यक छ। यस्ता घटनामा कमी ल्याउन सरकारका सबै तह, सुरक्षा निकाय, न्यायिक संरचना, नागरिक समाज र सञ्चार माध्यमबीच प्रभावकारी समन्वय आवश्यक देखिन्छ।

**गणेश भण्डारी**
प्रदेश संयोजक

## घटनाका प्रकार अनुसार पीडित सङ्ख्या
(जनवरी–मार्च २०२६)

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| अपहरण | | | | | १ | १ | १ |
| अमानवीय व्यवहार | | | | | १ | १ | १ |
| हत्या | | | | १ | ६ | ७ | ७ |
| बाल अधिकार | | | | २४ | १ | २५ | २५ |
| जातीय विभेद | | | | | १ | १ | १ |
| महिला अधिकार | | | | २१ | | २१ | २१ |
| जम्मा | | | | ४६ | १० | ५६ | ५६ |

# गण्डकी प्रदेशको मानव अधिकार अवस्था : तीन महिनाका प्रतिनिधिमूलक घटना

## (२०८२ पुस १७ गतेदेखि २०८२ चैत १७ गतेसम्म)

### अपहरण

**कास्की**

रुपा गाउँपालिका-५ घर भई हाल पोखरा महानगरपालिका-१७ बस्ने २४ वर्षीय मन्दिप परियारलाई काम गरेको स्थानबाट प्रहरीको कर्मचारी हो काम छ भनी बोलाएर ०८२ पुस १७ गते अपहरण गरेको आरोपमा पर्वत देउराली गाउँपालिका-८ घर भई हाल महासिला गाउँपालिका-५ लुड्खु बस्ने ३२ वर्षीय देवानन्द अधिकारी, पोखरा महानगरपालिका-९ शिवटोलका २० वर्षीय निकेश गुरुङ, पर्वत लुड्खु देउराली गाउँपालिका-६ घर भई हाल महासिला गाउँपालिका-५ लुड्खु बस्ने २९ वर्षीय पुरन बाजे भन्ने पुरन ठकुरी, पर्वत जिल्ला महासिला गाउँपालिका -५ लुड्खुका २४ वर्षीय सुदर्शन भन्ने अवतार मल्ल ठकुरी, पोखरा महानगरपालिका-९ पृथ्विचोक शिवटोलका १९ वर्षीय कुशल वि.क. विरुद्ध पीडित पक्षले पुस १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितहरुलाई प्रहरीले पुस २० गते गिरफ्तार गऱ्यो। आरोपितहरुविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत माघ १५ गते अपहरणसम्बन्धी कसुरमा मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ १५ गतेको इजलासले आरोपितहरुलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दाको हालसम्म फैसला भएको छैन।

### बाल अधिकार

### बलात्कार, यौन दुर्व्यवहार

**गोरखा**

१२ वर्षीया बालिकालाई ०८२ माघ ११ गते बलात्कार गरेको आरोपमा सिरानचोक गाउँपालिका-६ महटारका ७० वर्षीय मिठे नेवार भनिने सूर्यबहादुर श्रेष्ठविरुद्ध पीडितका बाबुले फागुन २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले फागुन २५ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वाथ्य परीक्षण फागुन २५ गते प्रदेश अस्पताल गोरखामा भयो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत चैत १८ गते जिल्ला अदालतमा मुद्धा दर्ता गऱ्यो जिल्ला अदालतको चैत १८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्धाको हालसम्म फैसला भएको छैन।

**म्याग्दी**

१२ वर्षीया बालिकालाई ०८२ पुस २७ गते बलात्कार गरेको आरोपमा ५२ वर्षीय काकाविरुद्ध पीडित पक्षले पुस २८ गते इलाका प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २८ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण पुस २९ गते प्रादेशिक अस्पताल बेनीमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयल मार्फत माघ १९ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ १९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दाको हालसम्म फैसला भएको छैन।

**कास्की**

१४ वर्षीया बालिकालाई ०८२ पुस २७ गते बलात्कार गरेको आरोपमा २७ वर्षीय दाजुविरुद्ध पीडित पक्षले माघ २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ २० गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ २० गते पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमामा भयो। प्रहरीले आरोपितपिरुद्ध जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन १४ गते बलात्कार सम्बन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्धाको हालसम्म फैसला भएको छैन।

१५ वर्षीया बालिकालाई ०८२ माघ २४ गते बलात्कार गरेको आरोपमा बागलुङ जिल्ला गलकोट नगरपालिका-३ हटिया घर भई पोखरा महानगरपालिका-९ पृथ्वीचोक बस्ने २४ वर्षीय सागर परियारविरुद्ध पीडित पक्षले माघ २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ २८ गते गिरफ्तार गऱ्यो।

## बाल अधिकारविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जनवरी – मार्च २०२६)

| | |
|---|---|
| बलात्कार | १४ |
| यौन दुर्व्यवहार | ९ |
| हाडनाता करणी | २ |
| जम्मा | २५ |

पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ २८ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन १७ गते बलात्कार सम्बन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दाको हालसम्म फैसला भएको छैन।

१० वर्षीया बालिकालाई ०८२ फागुन ८ गते यौन दुर्व्यबहार गरेको आरोपमा सर्लाही गाउँपालिका-३ रामनगर घर भई पोखरा महानगरपालिका-२५ हेम्जा बस्ने ३५ वर्षीय चुनचुन यादव भन्ने चुनचुन रायविरुद्ध पीडित पक्षले फागुन ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ८ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन ८ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमामा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा चैत ३ गते बलात्कार सम्बन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत ३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दाको हालसम्म फैसला भएको छैन।

**लमजुङ**

१६ वर्षीया बालिकालाई ०८२ माघ २२ गते बलात्कार गरेको आरोपमा सिन्धुली जिल्ला कमलामाई नगरपालिका-१३ का ३१ वर्षीय महेश प्रसाद जमरकटेलविरुद्ध पीडित पक्षले माघ २३ गते इलाका प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ २३ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ २३ गते प्रादेशिक अस्पताल लमजुङमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालय मार्फत जिल्ला अदालतमा बलात्कार सम्बन्धी मुद्दा फागुन १३ गते दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्धाको हालसम्म फैसला भएको छैन।

१५ वर्षीया बालिकालाई ०८२ माघ १ गते यौन दुर्व्यवहार गरेको आरोपमा १५ वर्षीय बालकविरुद्ध पीडित पक्षले माघ २ गते इलाका प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ ३ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ ३ गते प्रादेशिक अस्पताल लमजुङमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा बाल यौन दुर्व्यवहार शिर्षकमा माघ १९ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिस शिशिरराज ढकालको माघ २० गतेको इजलासले आरोपितलाई संरक्षको जिम्मा लगाउने आदेश दियो। मुद्धाको हालसम्म किनारा लागेको छैन।

१२ वर्षीया बालिकालाई ०८२ माघ २४ गते बलात्कार गरेको आरोपमा आफ्नै बुबाविरुद्ध पीडित पक्षले फागुन २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन २४ गते गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण फागुन २४ गते प्रादेशिक अस्पताल लमजुङमा भयो। प्रहरीले आरोपितरुिद्ध जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा चैत १५ गते बलात्कार सम्बन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत १५ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्धाको हालसम्म फैसला भएको छैन।

**तनहुँ**

१६ वर्षीया बालिकालाई ०८२ पुस १७ गते बलात्कार गरेको आरोपमा व्यास नगरपालिका- १० बस्ने २१ वर्षीय अनिसबहादुर दुराविरुद्ध पीडित पक्षले पुस १८ गते जिल्ला प्रहरी कार्यालय दमौलीमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस १९ गते दमौलीबाट गिरफ्तार गऱ्यो। पीडितको पुस १८ गते प्रदेश अस्पताल दमौलीमा

स्वास्थ्य परीक्षण भयो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत माघ ८ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको माघ ८ गतेको इजलासले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो। मुद्दाको हालसम्म फैसला भएको छैन।

१३ वर्षीया बालिकालाई ०८२ माघ ४ गते यौन दुर्व्यवहार गरेको आरोपमा चितवन जिल्ला भरतपुर महानगरपालिका-१४ शिवनगर बस्ने २३ वर्षीय निशान थापा क्षेत्रीविरुद्ध पीडित पक्षले  माघ ६ गते इलाका प्रहरी कार्यालय डुम्रेमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ ६ गते बन्दीपुर गाउँपालिका-१ डुम्रे बजारबाट गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ ६ गते प्रदेश अस्पताल दमौलीमा भयो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत फागुन २ गते जिल्ला अदालतमा बाल यौन दुरुपयोगको मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन २ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दाको हालसम्म फैसला भएको छैन ।

१६ वर्षीया बालिकालाई ०८२ फागुन १८ गते बलात्कार गरेको आरोपमा १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले फागुन १९ गते जिल्ला प्रहरी कार्यालय दमौलीमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन १९ गते म्याग्दे गाउँपालिका-१ गुणादीबाट गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन १९ गते प्रदेश अस्पताल दमौलीमा भयो। आरोपित विरुद्ध प्रहरीले  जिल्ला सरकारी वकिल कार्यालय मार्फत चैत ६ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको चैत ६ गतको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दाको हालसम्म फैसला भएको छैन ।

**नवलपरासी पूर्व**

५ वर्षीया बालिकालाई ०८२ पुस २० गते बलात्कार गरेको आरोपमा दाजु नाता पर्ने १३ वर्षीय बालकविरुद्ध पीडित पक्षले पुस २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण पुस २० गते मध्यविन्दु प्रादेशिक अस्पतालमा भयो। प्रहरीले आरोपितलाई पुस २० गते गिरफ्तार गर्‍यो। आरोपितरुद्धि प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा पुस २९ गते जबरजस्तीकरणी शिर्षकमा मुद्दा दर्ता  गर्‍यो। जिल्ला अदालतको पुस २९ गतेको इजलासले आरोपितलाई पुर्पक्षकोलागि थुनामा पठायो। मुद्दाको हालसम्म फैसला भएको छैन।

१६ वर्षीया बालिकालाई ०८२ फागुन ६ गते यौन दुर्व्यवहार गरेको आरोपमा गैडाकोट नगरपालिका-११ का ४८ वर्षीय कृष्ण मुरारीविरुद्ध पीडित पक्षले फागुन ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन ६ गते मध्यविन्दु प्रादेशिक अस्पतालमा भयो। आरोपितलाई प्रहरीले फागुन ६ गते गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन १४ गते बलात्कार सम्बन्धी मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधिस प्रकाश कोइरालाको चैत २६ गतेको इजलासले आरोपितलाई ६० हजार रुपियाँ धरौटी माग गर्‍यो। आरोपित सोही दिन धरौटी बुझाएर रिहा भए।

१० वर्षीया बालिकालाई ०८२ माघ १ गते यौन दुर्व्यवहार गरेको आरोपमा ४२ वर्षीय बाबु नाता पर्नेविरुद्ध पीडित पक्षले माघ २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ २ गते मध्यविन्दु प्रादेशिक अस्पतालमा भयो। प्रहरीले आरोपितलाई फागुन ६ गते गिरफ्तार गर्‍यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा माघ १८ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको माघ १८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दाको हालसम्म फैसला भएको छैन।

१४ वर्षीया बालिकालाई ०८२ फागुन १४ गते बलात्कार गरेको आरोपमा बाबु नाता पर्नेविरुद्ध पीडित पक्षले फागुन १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन १५ गते मध्यविन्दु प्रादेशिक अस्पतालमा भयो। प्रहरीले आरोपितलाई फागुन १५ गते गिरफ्तार गर्‍यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा चैत ९ गते बलात्कार सम्बन्धी मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको चैत ९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दाको हालसम्म फैसला भएको छैन।

१३ वर्षीया बालिकालाई ०८२ फागुन २१ गते बलात्कार गरेको आरोपमा बिनय त्रिवेणी गाउँपालिका-५ का २३ वर्षीय सुवास कुमाल, सोही गाउँपालिका-४ का १८ वर्षीय अर्जुन चौहान र १६ वर्षीय बालकविरुद्ध पीडित पक्षले फागुन २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी

दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन २२ गते मध्यविन्दु प्रादेशिक अस्पतालमा भयो। प्रहरीले आरोपितलाई फागुन २२ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा चैत १५ गते बलात्कार सम्बन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत १५ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दाको हालसम्म फैसला भएको छैन।

सात वर्षीया र १० वर्षीया बालिकाहरुलाई ०८२ फागुन २३ गते यौन दुर्व्यवहार गरेको आरोपमा देवचुली नगरपालिका-१ केउरेनीका ६० वर्षीय बेनीराम गुरौविरुद्ध पीडित पक्षले फागुन २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाहरुको स्वास्थ्य परीक्षण फागुन २६ गते मध्यविन्दु प्रादेशिक अस्पतालमा भयो। प्रहरीले आरोपितलाई फागुन २६ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा चैत १५ गते यौन दुर्व्यवहार शिर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश प्रकाश कोइरालाको चैत १६ गतेको इजलासले आरोपितलाई ५० हजार रुपियाँ धरौटी माग गरेकोमा माग अनुसारको धरौटी बुझाएर रिहा भए। मुद्दाको हालसम्म फैसला भएको छैन।

**स्याङ्जा**

१६ वर्षीया बालिकालाई ०८२ चैत १६ गते सार्वजनिक यातायातमा यौन दुर्व्यबहार गरेको आरोपमा बिरुवा गाउँपालिका-७ का ४९ वर्षीय अनबहादुर गुरुङविरुद्ध पीडित पक्षले चैत १६ गते जिल्ला प्रहरी कार्यालय स्याङजामा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत १६ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत १६ गते प्रादेशिक अस्पताल स्याङ्जामा भयो।

१५ वर्षीया बालिकालाई ०८२ माघ ९ गते यौन दुर्व्यवहार गरेको आरोपमा अर्जुनचौपारी गाउँपालिका -२ खाल्टेका २२ वर्षीय सुवास भन्ने इन्द्रबहादुर थापाविरुद्ध पीडित पक्षले माघ १२ गते जिल्ला प्रहरी कार्यालय स्याङजामा उजुरी दियो। प्रहरीले आरोपितलाई सोही दिन माघ २२ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ १२ गते प्रादेशिक अस्पताल स्याङजामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालयमार्फत फागुन १० गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १० गतेको इजलासल आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दाको हालसम्म फैसला भएको छैन।

**पर्वत**

१३ वर्षीया बालिकालाई ०८२ फागुन ७ गते बलात्कार गरेको आरोपमा मोदि गाउँपालिका-१ भुकदेउरालीका ६९ वर्षीय नमान सिह गुरुङविरुद्ध पीडित पक्षले फागुन ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन ८ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन ८ गते प्रदेश अस्पताल कुश्मामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालय मार्फत फागुन १७ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दाको हालसम्म फैसला भएको छैन।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

**गोरखा**

१९ वर्षीया महिलालाई ०८२ पुस १९ गते बलात्कार गरेको आरोपमा आरुघाट गाउँपालिका-९ आरुटारका २५ वर्षीय प्रदिप उपरकोटिविरुद्ध पीडित पक्षले पुस १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २१ गते गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण पुस २९ गते प्रदेश अस्पताल गोरखामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत माघ १२ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ १२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्धाको हालसम्म फैसला भएको छैन।

३२ वर्षीया महिलालाई ०८२ माघ २ गते बलात्कार प्रयास गरेको आरोपमा आरुघाट गाउँपालिका-४ थुमिका २७ वर्षीय दिपक नेपालीविरुद्ध पीडितले माघ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई माघ ४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ ३ गते प्रदेश अस्पताल गोरखामा भयो। प्रहरीले आरोपित विरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा माघ २९ गते बलात्कार सम्बन्धी मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्धाको हालसम्म फैसला भएको छैन।

**म्याग्दी**

४९ वर्षीया महिलालाई ०८२ फागुन २५ गते बलात्कार गरेको आरोपमा धवलागिरी गाउँपालिका-७ धारापानीका ४२ वर्षीय प्रेम दमाईविरुद्ध पीडित पक्षले फागुन २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन २६ गते गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण फागुन २६ गते प्रदेश अस्पताल कुश्मामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा चैत १८ गते बलात्कार सम्बन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत १८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दाको हालसम्म फैसला भएको छैन।

**कास्की**

चार जना महिलाहरुलाई यौन दुर्व्यवहार गतिविधिमा संलग्न गराएको आरोपमा प्रहरीले भारत स्थायी घर भई हाल पोखरा महानगरपालिका-१४ चाउथे बस्ने २४ वर्षीय राधे श्याम शाह, बाग्लुङ काठेखोला-४ स्थायी घर भई हाल पोखरा महानगरपालिका-१ बगर बस्ने २८ वर्षीय खेमु थापालाई ०८२ चैत १ गते गिरफ्तार गऱ्यो। आरोपितहरुले पोखरा महानगरपालिका-८ जाल्पारोड स्थित खाजाघरमा आर्थिक अवस्था कमजोर भएका महिलाहरुलाई आर्थिक प्रलोभन देखाई यौन दुर्व्यवहार गतिविधिमा संलग्न गराएको सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय कास्की र वडा प्रहरी कार्यालय बैदामबाट खटिएको प्रहरी टोलीले चार जना महिलाहरुको उद्दार गरेको थियो। आरोपितहरुलाई कास्की जिल्ला अदालतबाट मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसूरमा दिन सात (७) म्याद थप गरी थप अनुसन्धान प्रकृया अगाडी बढाइएको छ।

४० वर्षीया महिलालाई ०८२ माघ १८ गते बलात्कार गरेको आरोपमा चितवन जिल्ला इच्छाकामना गाउँपालिका-५ ताविन घर भई पोखरा महानगरपालिका-१६ दिप बस्ने ३६ वर्षीय पति राज कुमार प्रोखेलविरुद्ध पीडित पक्षले माघ २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ २१ गते गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण माघ २१ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन १५ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १५ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दाको हालसम्म फैसला भएको छैन।

**महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जनवरी–मार्च २०२६)**

| | |
|---|---|
| बलात्कार | १२ |
| घरेलु हिंसा | १ |
| बलात्कार प्रयास | १ |
| यौन दुर्व्यवहार | २ |
| वैवाहिक बलात्कार | १ |
| परिवारजनबाट हत्या | ३ |
| हाडनाता करणी | १ |
| जम्मा | २१ |

**लमजुङ**

२० वर्षीया महिलालाई ०८२ फागन ७ गते बलात्कार गरेको आरोपमा राइनस नगरपालिका-६ धमिलीकुवाका २६ वर्षीय आकाश नेपाली र सोही नगरपालिका-५ तिनपिप्ले बिरौटाका २४ वर्षीय सुजन नेपालीविरुद्ध पीडित पक्षले फागन ७ गते जिल्ला प्रहरी

कार्यालय लमजुङमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागन ७ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागन ७ गते प्रदेश अस्पताल लमजुङमा भयो। प्रहरीले आरोपितरुिद्ध जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागन २८ गते बलात्कार सम्बन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश शिशिराज ढकालको फागन २८ गतेको इजलासले आरोपित आकाश नेपालीलाई ५० हजार र सुजन गुरुङलाई २५ हजार रुपियाँ धरौटिमा रिहा गरेको छ। हालसम्म मुद्धाको फैसला भएको छैन।

**तनहुँ**

२० वर्षीया अपाङ्गता भएकी महिलालाई ०८२ फागुन ३ गते बलात्कार गरेको आरोपमा १६ वर्षीय बालकविरुद्ध पीडित पक्षले फागुन ३ गते इलाका प्रहरी कार्यालय डुम्रेमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन ३ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण फागुन ३ गते प्रदेश अस्पताल दमौलीमा भयो। प्रहरीले आरोपित विरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत फागुन १७ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दाको हालसम्म फैसला भएको छैन ।

१८ वर्षीया बालिकालाई ०८२ पुस १८ गते बलात्कार गरेको आरोपमा १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले पुस २२ गते इलाका प्रहरी कार्यालय डुम्रेमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ ८ गते बन्दीपुर गाउँपालिका-१ डुम्रे बजारबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २२ गते प्रदेश अस्पताल दमौलीमा भयो। प्रहरीले आरोपित विरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत माघ २८ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दाको हालसम्म फैसला भएको छैन

४० वर्षीया महिलालाई ०८२ फागुन १४ गते बलात्कार गरेको आरोपमा १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले फागुन १४ गते जिल्ला प्रहरी कार्यालय दमौलीमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन १४ गते घरबाट गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण फागुन १४ गते प्रदेश अस्पताल दमौलीमा भयो। प्रहरीले आरोपित विरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत चैत ४ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत ४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दाको हालसम्म फैसला भएको छैन।

२९ वर्षीया अपाङ्गता भएकी महिलालाई ०८२ फागुन ४ गते बलात्कार गरेको आरोपमा बन्दीपुर-२ पार्चेका ५२ वर्षीय रामबहादुर सार्कीविरुद्ध पीडित पक्षले चैत ३ गते जिल्ला प्रहरी कार्यालय दमौलीमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत ४ गते घरबाट गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण चैत २७ गते प्रदेश अस्पताल दमौलीमा भयो। प्रहरीले आरोपित विरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत चैत २७ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत २७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दाको हालसम्म फैसला भएको छैन।

**नवलपरासी पूर्व**

२४ वर्षीया महिलालाई ०८२ माघ ८ गते बलात्कार गरेको आरोपमा देवचुली नगरपालिका-४ का २८ वर्षीय प्रकाश चौधरीविरुद्ध पीडित पक्षले माघ १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित महिलाको स्वास्थ्य परीक्षण माघ १३ गते मध्यविन्दु प्रादेशिक अस्पतालमा भयो। प्रहरीले आरोपितलाई माघ १३ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा माघ २८ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दाको हालसम्म फैसला भएको छैन।

**बाग्लुङ**

२१ वर्षीया महिलालाई ०८२ फागुन १३ गते बलात्कार गरेको आरोपमा ५४ वर्षीय ससुरा नाता पर्नेविरुद्ध पीडित पक्षले फागुन १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन १६ गते गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण फागुन १६ गते धौलागिरी प्रादेशिक अस्पतालमा भयो। प्रहरीले आरोपित विरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत चैत ६ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत ६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दाको हालसम्म फैसला भएको छैन।

३८ वर्षीया महिलालाई ०८२ चैत १५ गते बलात्कार गरेको आरोपमा ढोरपाटन नगरपालिका-९ का ७१ वर्षीय हर्के कामीविरुद्ध पीडित पक्षले फागुन १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत १६ गते गिरफ्तार गर्‍यो। पीडित महिलाको स्वास्थ्य परीक्षण चैत १६ गते धौलागिरी प्रादेशिक अस्पतालमा भयो। प्रहरीले आरोपित विरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत ०८३ वैशाख ६ गते जिल्ला अदालतमा बलात्कार सम्बन्धी कसुरमा मुद्दा गर्‍यो। जिल्ला अदालतको वैशाख ६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दाको हालसम्म फैसला भएको छैन।

## पारिवारिक हत्या

### गोरखा

पालुङटार नगरपालिका-३ बोगटीगाँउकी २१ वर्षीया अनुष्का परियारलाई ०८२ पुस २४ गते घरायसी विवादको क्रममा पति २८ वर्षीय शंकर सुनारले कुटपिट गरि घाइते बनाए। घाइतेलाई उपचारको लागि आँपपिपल अस्पताल हर्मीमा लगिएकोमा पुस २४ गते मृत्यु भयो। आरोपितविरुद्ध पीडित पक्षले पुस २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २४ गते गिरफ्तार गर्‍यो। शवको पोष्टमार्टम पुस २५ गते प्रदेश अस्पताल गोरखामा भयो। शवको आफन्तले बुझि पुस २५ गते चेपे घाटमा सद्गत गरे। प्रहरीले आरोपित विरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत माघ १५ गते जिल्ला अदालतमा कतर्व्य ज्यान सम्बन्धी कसुरमा मुद्धा दर्ता गर्‍यो। जिल्ला अदालतको माघ १५ गतेको इजलासले  आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्धाको हालसम्म फैसला भएको छैन।

### मुस्ताङ

रसुवा उत्तरगया गाउँपालिका-५ घर भई मुस्ताङको घरफभोङ गाउँपालिका-२ मार्फाकी ३१ वर्षीया शान्ति गुरुङलाई ०८२ फागुन ४ गते पति २३ वर्षीय अश्विन थापा मगरले चिर्पट दाउराले प्रहार गरी हत्या गरेको आरोपमा पीडित पक्षले फागुन ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन ४ गते गिरफ्तार गर्‍यो। शवको पोष्टमार्टम फागुन ५ गते प्रदेश अस्पताल मुस्ताङमा भयो। शवको फागुन ६ गते आफन्तहरुले स्थानिय घाटमा सद्गत गरे। प्रहरीले आरोपित विरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा फागुन १५ गते कतर्व्य ज्यान सम्बन्धी कसुर मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन १५ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।  मुद्धाको हालसम्म फैसला भएको छैन।

### म्याग्दी

धौवलागिरी गाउँपालिका-७ भिनडाँडाकी २० वर्षीया पुनमाया बिकलाई ०८२ माघ ३ गते घरायसी विवादको क्रममा पति ३२ वर्षीय प्रेम भन्ने रमेश कामीले धारिलो हतियार प्रयोग गरी हत्या गरेको आरोपमा पीडित पक्षले माघ ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ ४ गते पोखरा महानगरपालिका-१७ बिरौटाबाट गिरफ्तार गर्‍यो। शवको पोष्टमार्टम माघ ४ गते प्रादेशिक अस्पताल बेनीमा भयो। शव आफन्तहरुले बुझी माघ ४ गते स्थानीय घाटमा सद्गत गरे। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत माघ ६ गते जिल्ला अदालतमा कतर्व्य ज्यान सम्बन्धी कसुरमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको माघ ६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दाको हालसम्म फैसला भएको छैन।

## घरेलु हिंसा

### लमजुङ

दोर्दी गाउँपालिका-५ सादीखोलाकी ४५ वर्षीया चिज माया गुरुङलाई ०८२ चैत ११ गते घरायसी विवादमा ४९ वर्षीय पति वकन गुरुङले बन्चरो प्रहार गरी घाइते बनाए। आरोपितविरुद्ध पीडित पक्षले चैत ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत ११ गते गिरफ्तार गर्‍यो। बञ्चरो प्रहारबाट चिजमायाको बायाँ हात र पेटमा गम्भीर चोट लागेको हुँदा प्रदेश अस्पताल लमजुङमा उपचार भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा ०८३ वैशाख ७ गते मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको वैशाख ७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दाको हालसम्म फैसला भएको छैन।

**जातीय विभेद**

**कास्की**

पोखरा महानगरपालिका-३२ मालमुलका ५० वर्षीय सन्तबहादुर चदारोलाई ०८२ फागुन ९ गते पोखरा महानगरपालिका-२६ स्थित नमस्ते पार्टी प्यालेसमा पोखरा महानगरपालिका-३२ मालमुलका ६३ वर्षीय काशिराम घिमिरे र ४३ वर्षीया सावित्री बरालले आयोजना गरेको विवाह समारोहमा निम्तो मान्न जाँदा  चदारोलाई अन्य व्यक्तिहरूसँग लाइनमा बसेर खाना खान नदिइ सावित्री बरालले छुट्टै बोलाएर तपाईंका लागि छुट्टै खाना र प्लेटको व्यवस्था गरिएको छ भन्दै सार्वजनिक रूपमा जातीय विभेद गरेको गरेको आरोपमा पीडित पक्षले फागुन ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन ११ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन १३ गते मुद्दा दर्ता गऱ्यो। मुद्दाको हालसम्म फैसला भएको छैन।

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

**गण्डकी प्रदेशद्वारा प्रकाशित**

**सल्लाहकार** : गणेश भण्डारी,  **संयोजन/सम्पादन** : मंगीता नेपाली

पोखरा महानगरपालिका–८, जनप्रिय मार्ग, रत्नचोक, कास्की, फोन : ०६१–५८३३६६

इमेल : pokhara@insec.org.np, Website : www.inseconline.org